# नेपालगञ्ज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, नेपालगञ्ज बाँकें।

## युवा सहजकर्ता पदमा करार सेवाबाट पदपूर्ति गर्ने सम्बन्धमा

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/११ गते।)

नेपालगञ्ज उप-महानगरपालिकामा महिला लक्षित रोजगारीका लागि तयारी क्लव सञ्चालन गर्न युवा सहजकर्ता (पद सङख्या एक) खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिक (महिला) ले नेपालगञ्ज उप-महानगरपालिकाको राजस्व शाखा मार्फत रु.५००/- (पाँच सय) राजश्व दाखिला गरेको प्रमाण सहित पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०४/०८१/८२ | युवा सहजकर्ता | सहायकस्तर पाँचौं | १ (एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

(क) प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको।

(ख) सामाजि परिचालन वा सञ्चार वा श्रम बजार सम्बद्ध वा जीवनोपयोगी सीप तथा क्षमता विकास सम्बन्धी प्रशिक्षकको रुपमा कम्तिमा एक वर्षको अनुभव भएको।

(ग) आवेदन दिने अवधि सम्म १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको।

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा गरेको।

(ङ) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरीने गरी कुनै सजाय नभएको।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

२. दरखास्त दिने स्थानः नेपालगञ्ज उप-महानगरपालिका, रोजगार सेवा केन्द्र।

३. दरखास्त दिने अन्तिम मितिः २०८१/०९/२५ गते कार्यालय समय भित्र। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछिको कार्यालय खुलेको कार्यालय समय भित्र।

४. आवेदन दस्तुरः रु.५००/- (अक्षरुपी पाँच सय मात्र)

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन तथा लिखित परीक्षा

६. आवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः

क) नागरिकताको प्रमाणपत्र

ख) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) अनुभवको कागजात

घ) तालिमको प्रमाणपत्र

ङ) पासपोर्ट साइजको फोटो

७. सेवा सुविधाः रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१ को परिच्छेद ४ बमोजिम हुनेछ।

८. आवेदन म्याद समाप्त भएको मितिले सात दिनभित्र उममेदवारको प्रारम्भिक योग्यताको सूची प्रकाशन सँगै लिखित परीक्षाको लागि मिति, समय र स्थान समेत तकिनेछ।

# नेपालगञ्ज उप-महानगरपालिका

## रोजगार सेवा केन्द्र

### युवा सहजकर्ता सहायकस्तर पाँचौं तह पदको लिखित परीक्षाको पाठ्यक्रम

पत्रः- प्रथम पत्र (सामान्य ज्ञान र सेवा सम्बन्धी)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | खण्ड | परीक्षा प्रणाली | प्रश्नसंख्या*अङ्क | समय |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान र सेवा सम्बन्धी | ५० | २० | वस्तुगत | बहुवैकल्पिक प्रश्न(MCQ) | ३० प्रश्न * १ अङ्क | १ घण्टा |
| | | | विषयगत | छोटो उत्तर आउने प्रश्न | ४ प्रश्न * ५ अङ्क | ३० मिनेट |

**सामान्य ज्ञान र सेवा सम्बन्धी ५० अङ्क (३०*१= ३०, ४*५ = २०)**

१. नेपालको भूगोल र आर्थिक तथा सामाजिक कृयाकलापः धरातलीय स्वरुपको किसिम र विशेषता, नेपालमा पाईने हावापानीको किसिम र विशेषता नदीनाला तालतलैया, खनिज पदार्थ, यातायात, शिक्षा, स्वास्थ्य सम्बन्धी जानकारी

२. नेपालको इतिहास र सामाजिक सांस्कृतिक अवस्थाः प्रथा, परम्परा, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत तथा आधुनिक इतिहासका प्रमुख घटना सम्बन्धी जानकारी,

३. नेपालको संविधानको भाग-३ मौधिक हक सम्वन्धी व्यवस्था, नेपालको संविधानको अनुसूची - ५, ६, ७, ८ र ९

४. स्थानीय सरकार सञ्चाचालन ऐन, २०७४, रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६, रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१

६. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण तथा गुनासो व्यवस्थापन

७. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा गुनासो व्यवस्थापन

८. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु

९. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जनाका र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास र चुनौतीहरु

१०. रोजगारी सिर्जनामा सरकार, निजीक्षेत्र, गैर सरकारी संस्था, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरु बीचको सहकार्य, साझेदारी र समन्वय

११. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृया

१२. स्थानीय विकास तथा सेवा प्रवाह प्रकृयामा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व, आचरण तथा अनुशासन

*********************

**द्रष्टव्यः**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

२. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरु गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अंङ्क दिइने छैन र अंङ्क कट्टा पनि गरिने छैन।

३. वस्तुगत बहुवैकल्पिक हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रेजीमा ठुलो अक्षर (Capital Letter) A,B,C,D लेख्नुपर्नेछ।

४. विषयगत प्रश्नहरुको हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग वा एउटा प्रश्न अन्तर्गत दुई वा वढी टिप्पणीहरु सोध्न सकिनेछ।

५. वस्तुगत र विषयगत खण्डका प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नु पर्नेछ।

६. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु विज्ञापन प्रकाशन भएको मिति सम्म कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्नेछ। साथै अन्य कुराहरु रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड,२०८१ वा प्रचलित कानून बमोजिम हुनेछ।